# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ मितिः २०७८/०९/२७

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको
## संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७८

**प्रस्तावनाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (४) को खण्ड “ठ” मा भएको व्यवस्था बमोजिम रामपुर नगरपालिकामा कार्यक्षेत्र हुने संघ संस्थाहरुको दर्ता तथा नविकरण सम्वन्धमा आवश्यक कार्यविधि तयार गरी कार्य अघि वढाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको वैठकले यो कार्यविधि पारित गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम “रामपुर नगरपालिका संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७८” रहेको छ ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

ख) “स्थानीय अधिकारी” भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ग) “कार्य समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समिति सम्झनुपर्छ ।

घ) “कार्यक्षेत्र” भन्नाले रामपुर नगरपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय नगरपालिका भित्र सञ्चालन भएको संस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद - २
## संस्था दर्ता

३. **संस्था दर्ता :**

१. यस कार्यविधि वमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

२. निश्चित उद्देश्य सहित संस्था स्थापना गर्न चाहने समूहले आम भेला गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बढीमा पाँच सदस्य रहने गरी तदर्थ समिति गठन गर्न सक्नेछ ।

३. संस्थाको नाम, ठेगाना, उद्देश्य भेलाबाट सर्वसम्मत रुपमा छनौट गरेको हुनुपर्दछ ।

४. संस्थाको उद्देश्य मूलभूत रुपमा एक क्षेत्रसंग सम्बन्धित भएको हुनपर्दछ । जस्तैः शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, खेलकुद क्षेत्र, वातावरण क्षेत्र आदी ।

५. तदर्थ समितिका सबै सदस्यहरुको पासपोर्ट साइजको फोटो र नागरिकताको प्रतिलिपि पेश गर्नुपर्दछ।

६. तदर्थ समितिका सबै सदस्यहरुले विधानको हरेक पृष्ठको तल र माथि दुवै भागमा दस्तखत गरि पेश गर्नुपर्दछ । नगरपालिकाले सो विधानमा आवश्यक विषय सच्चाई सकेपछि नेपाली कागजमा दुई प्रति विधान छपाई गरेर समितिका सदस्यहरुले हरेक पृष्ठको तल र माथि दस्तखत गरि पेश गर्नुपर्नेछ । सो विधानको सफ्ट कपि उपलब्ध गराउनु पर्नेछ ।

७. संस्था दर्ता गर्नु पूर्व नगरपालिकाले तदर्थ समितिका सबै सदस्यहरुको ईलाका प्रहरी कार्यालय, रामपुरबाट चालचालन बुझेको प्रतिवेदन लिनुपर्नेछ ।

८. वाल क्लब, बाल संजाल, युवा क्लब, आमा समूह, सामाजिक संघसंस्था आदि खोल्न सकिनेछ । यस्ता संस्था दर्ता गर्दा वडा वा नगरपालिकाका क्षेत्र भित्र मात्र कार्यक्षेत्र कायम हुनेछ ।

९. संस्था दर्ता गर्दा टोल, समाज, वडा वा नगरमा धार्मिक, जातिय, क्षेत्रीय आदि झैझगडा, द्वेष, वैमनस्यता, विभाजन सृजना हुने सम्भावना रहेमा नगरपालिकाले त्यस्तो संस्था दर्ता गर्न वाध्य हुने छैन ।

४. **संस्था दर्ताका लागि आवश्यक कागजात :**

१. संस्था दर्ताका गर्नका लागि संस्था सम्वन्धी देहायका विवरण खुलाई अनुसूची १ को ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

क) संस्थाको नाम, ठेगाना,

ख) संस्थाको उद्धेश्य र कार्यक्षेत्र,

ग) तदर्थ समिति गठन गरेको निर्णय,

घ) समितिमा रहने सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नम्वर, पेशा र नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
ङ) संस्थाको मुख्य कार्यालय रहेको वडाको सिफारिस पत्र
च) विधान,
छ) तदर्थ समितिको वैठकको निर्णय,
ज) निर्धारित ढाँचाको निवेदन ।

२. नियम (१) वमोजिमको निवदेन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा आर्थिक ऐनले तोकेको दस्तुर तिरी अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसुची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

३. स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदनलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजूर गर्न सक्नेछ ।

४. उपनियम (३) वमोजिमको उजूर प्राप्त भएपछि प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

५. साविकमा जिल्ला प्रशासनबाट दर्ता तथा नविकरण भएका संस्थाहरुले पनि यस नगरपालिकामा दर्ता, सुचीकरण तथा नविकरण हुनुपर्नेछ । यसरी दर्ता भइसकेका संस्थालाई थप दर्ता दस्तुर लाग्ने छैन ।

६. संस्थाको विधान पेश गर्दा कार्यसमितिले हरेक पृष्ठमा दस्तखत गरी पेश गरेको हुनुपर्नेछ ।

७. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले विधानको हरेक पृष्ठमा दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । प्रमाणित दुई प्रति मध्ये एक प्रति संस्थालाई दिने र अर्को प्रति कार्यालयमा सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद - ३
## संस्था, दर्ता शुल्क र नविकरण

**५. दर्ता अवधि, दर्ता अवधि र नविकरण दस्तुर:**

१. नियम ४ (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा अनुसुची-४ बमोजिमको  शुल्क लिई संस्था दर्ता गरी प्रमाणपत्र दिईने छ ।

२. नियम १ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

३. प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र प्रमाणपत्र नविकरण गरिसक्नुपर्नेछ । त्यस पश्चात सो आर्थिक वर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क र नविकरण शुल्कको ५० प्रतिशत जरीवाना गरी रकम लिईनेछ । सो म्याद समेत नाघी आएमा प्रत्येक आर्थिक वर्षको नविकरण शुल्क र सोही रकम बराबरको जरीवाना दस्तुर लिई नविकरण गरिनेछ ।

४. दर्ताको प्रमाण-पत्र नविकरण गर्न संस्थाले अनुसची ५ बमोजिमको निवेदन वडा कार्यालयको सिफासि र लेखा परिक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, नविकरण सम्बन्धी कार्य समितिको निर्णयका कागजातहरु पेश गर्नु पर्नेछ ।

**६. संगठित संस्था मानिने:**

१. यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२. संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

३. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ति:**

१. संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

२. उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३. संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

**८. अघि दर्ता भई वा नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः**

१. यस अगाडी नियम बमोजिम कुनै निकायमा दर्ता भई नगर क्षेत्र मात्र कार्यक्षेत्र भएको संस्थाले पहिला दर्ता गरेको निकायले सम्पूर्ण फाइल पठाएमा यस नगरपालिकामा दर्ता सूचिकृत गर्न सकिनेछ ।

२. यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून वमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएपश्चात यो कार्यविधि वमोजिम दर्ता गराउनु पर्नेछ ।

३. अन्यत्र दर्ता भई यस नगरपालिका भित्र क्रियाशिल रहेका संस्थाहरुले पनि शाखा संचालनका लागि तोकिएको दस्तुर तिरी सूचिकृत भई अनुमति लिनुपर्नेछ ।

**९. संस्थाको उद्देश्यहरुमा हेरफेरः**

१. संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२. साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**१०. हिसाबको विवरण पठाउनुपर्नेः** कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षण प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष पठाउनु पर्नेछ ।

**११. हिसाब जाँच गर्नेः**

१. स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

२. उपनियम (१) बमोजिम हिसाब जाँच गराए वापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

३. हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

४. हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**१२. निर्देशन दिनेः** रामपुर नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद - ४
## दण्ड सजाय

**१३. दण्ड सजायः**

१. नियम ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा नियम ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

२. नियम ९ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अको संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

३. नियम १० बमोजिम हिसाबको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले नियम ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

४. नियम ११ को उपनियम (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

१४. **पुनरावेदनः** नियम १३ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१५. **संस्थाको विधान संशोधन :**

१. संस्थाले विधान संशोधन गर्नु परेमा रामपुर नगरकार्यपालिकाको कार्यालयको अनुमति लिनुपर्नेछ ।

२. विधान संशोधन प्रस्ताव साधारण सभावाट पारित गरि तिन महले फारममा भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र निजवाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

३. संस्थाको विधान संशोधनको अनुमति लिनको लागि आवश्यक कागजातहरु निम्नानुसार पेश गर्नुपर्नेछ ।

४. संशोधन गर्नुपर्ने दफा उल्लेख भएको विधानको प्रतिवेदन,

५. संस्था दर्ता/नविकरण प्रमाण पत्रको फोटोकपि,

६. साधारण सभावाट वहुमतले पारित गरेको विधान संशोधन सम्बन्धी निर्णयको प्रतिलिपि ।

१६. **संस्थाको विघटन र त्यसको परिणामः**

१. संस्थाको विधान वमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा रामपुर नगरपालिकामा सर्नेछ ।

२. उपनियम (१) वमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्ने छ ।

## परिच्छेद – ५
## विविध

१७. **विविधः** प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि अनुसार आफूलाई प्राप्त अधिकार निजले आफू मातहतको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **अन्य नेपाल ऐन वमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

## अनुसूची १
(नियम ४ (१) सँग सम्बन्धित)
दर्ता/सूचिकृतको लागि निवेदन

मिति..................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, पाल्पा ।

**विषय : संस्था दर्ता/सुचिकृत गरिदिनुहुन ।**

हामीले तल विवरणमा उल्लेख भएअनुसारको ......................................संस्था, रामपुर नगरपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७८ बमोजिम दर्ता/सुचिकृत गरिदिनुहुन अनुरोध छ । प्रस्तावित संस्थाको विधान समेत यसै साथ संलग्न गरिएको छ ।

**विवरण**

१. संस्थाको नाम :
२. संस्थाको ठेगाना :
३. सम्पर्क नं, ........................, इमेल ठेगाना ....................................
४. संस्थाको मूलभूत उद्देश्य...........................................................................
५. संस्थाको आर्थिक स्रोत :
६. कार्यसमितिका पदाधिकारीहरु :

| क्र.सं | नाम थर | संस्थामा रहेको पद | ठेगाना | पेशा | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

**संलग्न कागजातहरु**
क) निवेदन
ख) तदर्थ समितिको बैठकको निर्णय
ग) संस्थाको मुख्य कार्यालय रहेको वडाको सिफारिस
घ) विधान २ प्रति

भवदीय
नाम,थर :
पद :
दस्तखत :
मिति :

अनुसूची २
(नियम ४(२) सँग सम्बन्धित)
दर्ता किताब

| दर्ता नं. | संस्थाको नाम | संस्थाको ठेगाना | मुख्य उद्देश्य | कार्यस्थान /वडा | विषयगत/ कार्यक्षेत्र/ लक्षित समूह | दर्ता मिति | नविकरण मिति | संस्थाका सम्पर्क व्यक्ति | | जिल्ला प्रशासनमा दर्ता भएको मिति र दर्ता नं | प्रमाणित गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नाम | फोन नं | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**अनुसूचि ३**
**(नियम ४ (२) सँग सम्बन्धित)**
**दर्ता प्रमाणपत्रको ढाँचा**

**रामपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, पाल्पा ।**

**संस्थाको दर्ताको प्रमाणपत्र**

मिति :

दर्ता नः जि.प्र.का दर्ता नं र मिति :

श्री अध्यक्ष ज्यू,
रामपुर नगरपालिका वडा नं. .......
रामपुर, पाल्पा

......................................................................संस्था रामपुर नगरपालिका संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७८ को नियम ४(२) बमोजिम मिति ..................मा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

संस्थाको कार्यस्थान/वडाः
संस्थाको विषयगत कार्यक्षेत्र/लक्षित समूहः

**प्रमाणित गर्ने अधिकारीको :**
सही :
नाम थर :
दर्जा :

**नविकरण**

| नविकरण गरेको मिति | मान्य रहने अवधि | रकम रु. | रसिद नं | फाँटवालाको दस्तखत | प्रमाणित गर्नेको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ४
(नियम ५ (२) सँग सम्बधित)
संस्था दर्ता तथा नविकरण शुल्क

| क.सं. | संघ/संस्थाको प्रकार | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | बाल क्लव/बाल संजाल | १०० | १०० | राजश्वमा तोकिएको दरमा फरक परेमा आर्थिक कार्यविधी /ऐन बमोजिम हुनेछ। |
| २. | युवा क्लव/आमा समुह | ५०० | २०० | |
| ३. | गैर सरकारी संस्था (जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका सबै)<br>लेखा परीक्षण प्रतिवेदन हेरी | | | |
| | क. १० लाख भन्दा कम कारोवार भएका | १००० | ५०० | |
| | ख. १० लाख देखी २० लाख सम्म कारोबार भएका | २००० | १००० | |
| | ग. २० लाख देखी ५० लाख सम्म कारोबार भएका | ३००० | १५०० | |
| | घ. ५० लाख देखी १ करोड सम्म कारोबार भएका | ६००० | ३००० | |
| | ङ. १ करोड भन्दा बढि कारोबार भएका | १०००० | ५००० | |
| ४. | अन्तराष्ट्रिय गैर सरकारी संस्था | ५००० | २५०० | |
| ५. | यस बाहेक कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ तर नगर सभाले सो निर्णय अनुमोदन गर्नु पर्नेछ। | | | |

**अनुसूची ५**
**(नियम ५ (४) सँग सम्बधित)**
**नविकरणको लागि निवेदन**

मिति : .........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, पाल्पा ।

**विषय : संस्था नविकरण गरिदिनुहुन ।**

..............................................संस्थालाई आ.व. संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७८ को नियम ५ (४) बमोजिम आ.व ............. को लागि नविकरण गरिदिनुहुन अनुरोध छ ।

**संलग्न कागजातहरु**
क) निवेदन
ख) तदर्थ समितिको बैठकको निर्णय
ग) संस्थाको मुख्य कार्यालय रहेको वडाको सिफारिस
घ) विधान २ प्रति

**निवेदक**
दस्तखत :
नाम :
पद :
छाप :

**प्रमाणिकरण मितिः- २०७८/०९/२७**

**आज्ञाले**
**गंगालाल सुबेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २ मितिः २०७८/०९/२७

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

रामपुर नगरपालिकाको
नमुना विद्यालय छनौट, विकास तथा सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावनाः** सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोग सहित आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरुलाई प्रभावकारी बनाई प्रवर्द्दनात्मक अभ्यास मार्फत विद्यार्थीहरुको सिकाई उपलब्धि उच्च बनाउँदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सार्वजनिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न । सामुदायिक विद्यालयमा बालमैत्री तथा सिकाइमैत्री वातावरण सिर्जना गरी विद्यालयको दिगो विकास गर्दै विद्यालयलाई विद्यार्थीहरुको पहिलो रोजाइको र शैक्षिक गन्तव्यको रुपमा विकास गर्न तथा बालबालिकाहरुको उच्चतम सिकाइ उपलब्धि हासिल गर्न, विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउँदै विद्यालयलाई सिकाइको मुख्य केन्द्रबिन्दुको रुपमा विकास गर्नका लागि तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने विद्यालयको आवश्यकता महसुस भएकोले यस रामपुर नगरपालिकाले नगरपालिकामा एक वटा नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी रामपुर नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "नमुना विद्यालय छनौट, विकास तथा सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३) यो कार्यविधि बमोजिम छनौट भएका नमुना विद्यालयहरुको हकमा मात्र लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

१) "नमुना विद्यालय" भन्नाले यो कार्यविधि बमोजिम छनौट भई परिच्छेद-२ र परिच्छेद-३ मा उल्लेख भए बमोजिमको भौतिक तथा पूर्वाधार पूरा भएका विद्यालयहरु सम्झनु पर्दछ ।

२) "नगरपालिका" भन्नाले रामपुर नगरपालिकालाई सम्झनुपर्दछ।

३) "शिक्षा शाखा" भन्नाले रामपुर नगर कार्यपालिकाको कार्यालयमा रहेको शिक्षा सम्वन्धी सम्पूर्ण काम गर्ने शाखा सम्झनुपर्दछ ।

**३. उद्देश्यः** यो कार्यविधि जारी गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१) नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन प्रदान गर्ने,

२) गुणस्तरीय तथा समतामुलक शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार पार्ने,

३) गुणस्तरीय शिक्षाका लागि विद्यालयहरु बीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने,

४) विद्यालयहरुको क्षमतामा सुधार गरी रुपान्तरणको गतिलाई तीव्रता प्रदान गर्ने,

५) नगरपालिकामा एक प्रतिनिधिमूलक र सुविधा सम्पन्न नमूना विद्यालय सञ्चालन गरी समग्र शैक्षिक क्षेत्रको सुधार गर्ने ।

## परिच्छेद - २
## विद्यालय छनौटका आधार तथा प्रक्रिया

**४. नमुना विद्यालय छनौटका आधार तथा प्रक्रियाः**

१) नमुना विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:

- रामपुर नगरपालिकाको एक माध्यमिक विद्यालयलाई नमुना विद्यालयको छनौट गरिनेछ ।
- अनुसूची १ बमोजिमको निवेदनका आधारमा नमुना विद्यालय सञ्चालनका लागि छनौट भएका विद्यालयहरुको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि शिक्षा शाखामा प्राप्त निवेदनहरुको छानविन गरी मूल्यांकन गर्नुपर्नेछ ।
- मूल्यांकनबाट आएको परिणामलाई आधार मानी विद्यालयको छनौट गरी विद्यालयलाई जानकारी दिईनेछ ।
- माध्यमिक विद्यालय संचालन भएको सामुदायिक विद्यालय हुनुपर्नेछ ।
- भौतिक र शैक्षिक पुर्वाधार निर्माणका लागि विद्यालय नजिक (५०० मिटरसम्म) आफ्नो स्वामित्वको कम्तिमा ६ रोपनी जग्गा हुनुपर्नेछ ।
- विद्यालयमा कक्षा १ देखि १० सम्ममा कम्तिमा ४५० जना विद्यार्थी हुनुपर्नेछ ।

- नमुना विद्यालय प्रस्तावको साथ सम्बन्धित विद्यालयले कूल लागत रकमको २०% रकम व्यहोर्ने प्रतिबद्दता गर्नुपर्नेछ।
- संघीय सरकार र प्रदेश सरकारद्वारा नमुना विद्यालयको रुपमा छनोट भएका विद्यालयहरु यसमा समावेश गरिने छैन।
- अन्य सर्तहरु
  विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको, विद्यालयले सामाजिक परीक्षण, लेखा परीक्षण बार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको, तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेश गरेको ।

२) छनौट प्रक्रियाः

- नगरपालिकाको शिक्षा शाखाले इच्छुक विद्यालयहरुबाट आवेदन दिनका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।
- तोकिएको न्युनतम शर्त तथा मापदण्डहरु पुरा गरेका विद्यालयहरुले तोकिएको समयसिमाभित्र कार्ययोजनाको खाका बनाई शिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ ।
- शिक्षा शाखाले प्राप्त निवेदनहरु नगर शिक्षा समितिमा छनौटको लागि पेश गर्नुपर्नेछ ।
- नगर शिक्षा समितिले प्राप्त निवेदनहरुको छानविन र मूल्यांकन गरी नमुना विद्यालयहरु छनौट गर्नेछ ।

३) छनौट भएका विद्यालयहरुले ध्यान दिनुपर्ने प्रक्रियागत कुराहरुः
आवेदन दिएको विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न छनौट भएको जानकारी शिक्षा शाखाले दिएपछि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक स्टाफको संयुक्त बैठक बसी यसै कार्यविधि अनुसार निर्णय गराई विद्यालय विकास प्रस्ताव शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ३
## नमूना विद्यालय विकास तथा शैक्षिक पूर्वाधार

### ५. नमूना विद्यालय विकासः

प्रत्येक विद्यालयले विद्यालय विकास प्रस्ताव तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी नगरपालिकको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

१) नमूना विद्यालयको लागि आवश्यक शैक्षिक पूर्वाधार देहाय बमोजिम हुनेछन् ।

- शिक्षण सिकाई क्रियाकलाप व्यवहार कुशल सीपमा आधारित हुनुपर्नेछ । साथै परियोजनामा आधारित आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिने छ ।
- मध्यमिक तहका विद्यार्थीहरुका लागि पूर्व व्यावसायिक सीपको अवसरहरु उपलब्ध गराइने छ ।
- शिक्षण सिकाइका क्रियाकलापका लागि प्रर्याप्त शैक्षिक सामाग्रीको व्यवस्था भएको हुनुपर्नेछ ।
- प्रत्येक कक्षा कोठामा विषयगत बुक कर्नरको व्यवस्था हुनुपर्नेछ ।
- विद्यालयले प्रत्येक वर्ष विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन तथा अवलोकन भ्रमण गराउनुपर्नेछ।
- विद्यालयले सिकाई, व्यवस्थापन तथा प्रवर्द्नात्मक कार्यहरुको अनुभव विद्यालयहरु बीच सञ्जाल निर्माण गर्नुपर्ने छ । साथै अन्य नमुना विद्यालयहरुविच समेत सञ्जाल निर्माण गर्न सक्नेछ ।

२) नमुना विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधारः नमूना विद्यालयका लागि आवश्यक पूर्वाधारहरु देहाय बमोजिम हुनेछ ।

- विद्यालय भवन तथा कक्षाकोठा : बालमैत्री, अपांगमैत्री, लैङ्गिकमैत्री, विपद् प्रतिरोधात्मक, साथै प्रचलित कानूनले तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको संख्या र पूर्वाधारहरु उपलब्ध हुनेछ। आधुनिक शिक्षण पद्धति अनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गरिने छ ।
- पुस्तकालय : सबै कक्षाका लागि सबै विषयक्षेत्र समेटिएको एक व्यवस्थित पुस्तकालयको व्यवस्था हुनुपर्नेछ । जसमा एकै पटक कम्तिमा २० जना विद्यार्थीले पढ्न सक्ने हुनुपर्नेछ ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्री सहितको प्राथमिक उपचार बाकसको व्यवस्था गरिनेछ । उक्त बाकसमा प्राथमिक उपचारका लागि आवश्यक सम्पूर्ण स्वास्थ्य सामाग्री राखिएको हुनुपर्नेछ। साथै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि विद्यालयका स्वास्थ्य शिक्षकलाई जिम्मेवारी दिनुपर्नेछ ।
- प्रत्येक विद्यालयमा शिक्षक, अभिभावक, तथा विद्यार्थी सहितको एक मनोपरामर्श समिति गठन गरी उक्त समितिलाई विद्यालयमा आइपर्ने मनोसामाजिक समस्याको समाधान गर्ने जिम्मेवारी दिनुपर्नेछ ।

- प्रत्येक विद्यालयमा एक लैंगिक फोकल पर्सन (महिला शिक्षक) को व्यवस्था हुनुपर्नेछ ।
- विद्यालयमा प्रर्याप्त खेल मैदान हुनुपर्नेछ र सबै विद्यार्थीका लागि आवश्यक खेल सामाग्रीको उचित व्यवस्था हुनुपर्नेछ।
- विद्यालयमा एक चमेनागृहको व्यवस्था गर्नुपर्नेछ चमेनागृहमा ताजा तथा स्वास्थ्यवर्धक खाना तथा खाजाको व्यवस्था हुनुपर्नेछ र खाजाको उचित मुल्य निर्धारण गरिनुपर्दछ ।
- विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री तथा लैंगिकमैत्री सुविधा सहितको शौचालयको व्यवस्था हुनुपर्नेछ । शौचालय शिक्षक, कर्मचारी तथा विद्यार्थीका लागि छुट्टाछुट्टै हुनुपर्नेछ ।
- प्रत्येक विद्यालयमा सेनिटरी प्याड मेसिन राखिनु पर्नेछ । साथै फोहोरमैलाको उचित व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्नुपर्नेछ ।

३) नगरपालिकाको भूमिका :

- आफ्नो क्षेत्रभित्र सञ्चालित अन्य सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न अभिप्रेरित गर्ने ।
- विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने र आवश्यक निर्देशन दिने ।
- छनौट भएको विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई गुरुयोजना तयार गर्न लगाई सोको स्वीकृत गर्ने र कार्यान्वयन भए/नभएको अनुगमन गर्ने ।
- विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत र साधनको पहिचान र परिचालन गर्न सहयोग गर्ने ।
- विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

४) शिक्षक सम्बन्धी व्यवस्था :

- शिक्षा नियमावलीमा व्यवस्था भएअनुसार बालविकासका लागि उपलब्ध भएसम्म मन्टेश्वरी तालिम प्राप्त शिक्षक, आधारभूत तह कक्षा १-५ को लागि विद्यार्थी संख्याको आधारमा तथा कक्षा ६-१२ सम्म विषयगत आधारमा शिक्षकको व्यवस्था भएको हुनुपर्नेछ ।
- प्रत्येक शिक्षक तालिम प्राप्त र बालकेन्द्रित शिक्षण सिकाई जानेको हुनुपर्ने ।
- शिक्षकले शिक्षण सीपका साथै बालप्रतिभा पहिचान गर्न सक्ने खालका परियोजनामा आधारित क्रियाकलाप गराउन सक्ने सक्षमता राख्नुपर्नेछ ।

## परिच्छेद - ४
## विविध

६. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

७. **संशोधनः** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

८. **खारेजी र बचाउः** यस कार्यविधिमा प्रष्ट नभएका तथा उल्लेख नभएका कुरा संघीय तथा प्रदेश कानुन बमोजिम हुने र नेपालको संविधान , संघीय तथा प्रदेश कानुनसंग यस कार्यविधिको कुनै कुरा बाझिन गएमा बाझिएको हद सम्म बदर हुनेछ ।

**अनुसूची - १**
**(नियम ४(१) सँग सम्बन्धित)**
**नमुना विद्यालय छनौटको लागि पेश गर्ने आवेदनको ढाँचा**

मितिः..................

श्री नगर कार्यपालिकाको कार्यालय,
रामपुर नगरपालिका,
रामपुर, पाल्पा ।

विषयः नमुना विद्यालय छनौट सम्बन्धमा ।

प्रस्तुत विषयमा यहाँ नगरपालिकाको मिति ...................... मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र .................. देखि विद्यालयले आधारभूत तह नमुना विद्यालय छनौट, विकास तथा संचालन कार्यविधि, २०७८ मा तोकिएको न्यूनतम शर्तहरु पूरा गरेकोले नमुना विद्यालयको रुपमा छनौट हुन देहाय अनुसारका विवरण सहित निवेदन पेश गरिएको छ ।

विद्यालयको विवरण
१. विद्यालयको नाम
२. ठेगाना
३. सम्पर्क न.

संलग्न कागजातहरु
१. नमूना विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी प्रस्ताव
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रतिवेदन

**निवदेकको**
दस्तखत :
नाम, थर :
पद :

**प्रमाणीकरण मितिः-** २०७८/०९/२७

**आज्ञाले**
**गंगालाल सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**